सुदूरपश्चिम प्रदेश सरकार

# टीकापुर अस्पताल

टीकापुर, कैलाली

**सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/२३ गते)**

यस टीकापुर अस्पतालको ईण्डोरमा भर्ना हुने विरामीहरुका लागि खाद्यान्न (राशन) को ठेक्का आ.व. ०८१/८२ को लागि बन्दोबस्त गर्न प्रदेश सरकारबाट प्राप्त बजेट (ब.श.हु.शि.नं. २११२२ चालु) अन्तर्गत भुक्तानी हुने गरी सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स फर्म/आपूर्तिकर्ता/ब्यवसायीहरुले यो सूचना र सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित शर्तको अधिनमा रहि रित पूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) इच्छुक सिलबन्दी दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (२०८२/०३/०६) कार्यालय समय भित्र लिखित निवेदन तथा नविकरण भएको राशन/खाद्यान्न आपूर्ति सम्बन्धि ईजाजतपत्र, फर्म सस्था वा दर्ता वा कम्पनि दर्ता प्रमाणपत्रहरु ,आ.ब. २०७९/०८० को लागि करचुक्ता प्रमाणपत्र(म्याद थप सहित),मू.अ. कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,कार्यालय कोड ३५००२७७०२७,राजस्व शीर्षक न.१४२२९ को श्री रा.वा.बैक धनगढी शाखाको खाता न. १०००२०००१०००० मा रु.१,०००/- (अक्षेरुपी एक हजार) (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर सहित पेश गरी यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ।

२) खरिद गरेको सिलबन्दी दरभाउपत्र रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६औं (२०८२/०३/०७) दिनको १२:०० बजे भित्र यस अस्पताललाई सम्बोधन गरी आपूर्ति गर्ने प्रस्ताव गरेको ठेक्का नं. समेत स्पष्ट खुलाई यस अस्पतालमा दर्ता गराइ सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको दिउसो २:०० बजे सिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै सिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३) सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्ट लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४) जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक धनगढी स्थित श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी, कैलालीको हि.नं. ४१७०१००२०२०३०००० ख २ धरौटी खातामा यस अस्पतालको कार्यालय कोड नं.३५००२७७०२७ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट ९०(नब्बे) दिन मान्य अवधि भएको बैक ग्यारेन्टी (Bid Bond) सिलबन्दी दरभाउपत्र साथ अनिवार्य पेश भएको हुनु पर्नेछ ।

५) कबोल गरेको अंकको अनुपातमा हुन आउने रकम उपरोक्त धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर वा मिति २०८१ पौष मसान्तसम्म म्याद भएको नेपाल सरकारद्वारा मान्यता प्राप्त बैकको परफरमेन्स बण्ड पेस गर्नुपर्नेछ । साथै नगद जमानत राखेमा पछि बैंक ग्यारेन्टीमा परिणत गर्न पाईने छैन ।

६) सिलबन्दी दरभाउपत्रदाताले आफूले पेश गर्ने ठेक्काका प्रत्येक आईटमहरुमा कबोल गरेको दररेट(मु.अ.कर बाहेक) अंक र अक्षरमा केरमेट नगरी प्रष्टसंग उल्लेख गर्नुपर्नेछ केरमेट वा ओभरराईट भएको स्थानमा दस्तखत र फर्मको छाप लगाएको हुनुपर्नेछ । अंक र अक्षरमा लेखेको दररेटमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ।

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

७) सिलबन्दी दरभाउपत्रदाताले शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ ।

८) रित नपुगेको वा म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

९) सिलबन्दी दरभाउपत्र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र ब्यवसायी सम्बन्धि कुनै कसुर सजाय नपाएको तथा कालो सूचीमा नपरेको स्वघोषणा पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । त्यस्तो स्वयं घोषणा सूचना प्रकाशन मिति पछिको हुनुपर्नेछ ।

१०) सिलबन्दी दरभाउपत्र मुल्याङ्कन गर्दा अस्पतालले सलिगडी जाने बाहेक समानको नमुना माग गरी सो को आधारमा मुल्याङ्कन गर्न सक्नेछ ।

११) आपूर्ति गरिने विरामी सिदा (राशन) गुणस्तरिय हुनुपर्नेछ ।

१२) सिलबन्दी दरभाउपत्रको प्रतिस्पधामा छनौट भएमा ईण्डोरमा भर्ना भएका विरामीहरुलाई अस्पतालले तोकेको मेन्यु अनुसार गुणस्तरिय खाना पकाई, स्वच्छ तथा व्यवसायिक तरिकाले वितरण गरि तत्पश्चात सरसफाई कार्यहरु समेत गर्नुपर्नेछ ।

१३) आपुर्ति गरिएको खाद्य सामाग्री वा तयार पारिएको खाना समयसमयमा अस्पतालको आन्तरिक टोली तथा खाद्य प्राविधिकद्धारा

गुणस्तरियताको निम्ति निरिक्षण गराईनेछ । सो क्रममा कुनै त्रुटी भेटीएमा कानुन बमोजिम कारवाहीको निम्ति सिफारिश गरिनेछ ।

सिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस अस्पतालमा कार्यालय समयभित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

१४) अस्पतालको आवश्यकता अनुसारका आईटमहरु पटक पटक गरी उपलब्ध गराउनुपर्ने छ ।लागत अनुमान बमोजिमको खरिद ०८२।०८३ को सम्झौता मिति देखि मिति २०८२ पौष मसान्त सम्म हुनेछ र सो अवधिमा मुल्यवृद्धि गर्न नपाईनुको साथै लागत अनुमान थपघट हुनसक्ने छ ।

१५) माथि उल्लेखित शर्त वाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन सहित) तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

**ठेक्का विवरण**

| सि. न. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | TH/Kailali/SQ/GOODS/14/2081-082 | विरामीहरुको लागि खाद्यान्न आपूर्ति तथा वितरण कार्य | २५००० ।- | १०००।- | |

प्र.मे.सु

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट